क.द.नं. ११०८१४/०६९/०७०

# आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.

# RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको थोक लघुकर्जा प्रदायक राष्ट्रियस्तरको वित्तीय संस्था)

च.नं ६१६/०७७/०७८

मिति २०७७/०९/२४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
काठमाण्डौं, नेपाल

विषय : जानकारी सम्बन्धमा ।

महाशय,

उपरोक्त सम्बन्धमा, यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७७ मंसिर २८ मा बसेको संचालक समितिको १०६औं बैठकको निर्णय अनुसार वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा मिति २०७७ पौष २४ गते शुक्रबारका दिन एशियन होटल, बुटबल, रूपन्देहीबाट भर्चुअल माध्यम, जूम (Zoom) मार्फत गर्ने निर्णय गरे अनुसार, निर्धारित मितिमै सम्पन्न भएको साधारणसभाले निम्न अनुसारका निर्णयहरु गरेको ब्यहोरा जानकारी गराईन्छ ।

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन २०७६/७७ माथि छलफल गरी पारित गरेको ।
२. आर्थिक वर्ष २०७६/७७ को लेखा परीक्षकको प्रतिवेदनसहितको वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा विभिन्न अनुसूचीहरूउपर छलफल गरी पारित गरेको ।
३. आर्थिक वर्ष २०७७/७८ का लागि भट्ट एण्ड कम्पनीका लेखा परीक्षक सि.ए. यज्ञराज भट्टलाई नियुक्त गरि निजको पारिश्रमिक तोकेको ।
४. सञ्चालक समितिबाट प्रस्ताव गरिएको चुक्ता पूँजी रु.६७ करोड, १५ लाख, २२ हजार ७२० को ३.६३१५८ प्रतिशतले हुने रु.२,४३,८६,८७८।- (अक्षरेपी दुई करोड त्रिचालीस लाख छयासी हजार आठ सय अठहत्तर रुपैयाँ मात्र) नगद लाभांश (बोनस शेयर कर प्रयोजनार्थ समेत) पारित गरेको ।
५. सर्वसाधारण शेयरधनी (समूह-ख) को तर्फबाट प्रतिनिधित्व गर्ने दुई जना सञ्चालकहरूको रुपमा श्री अमर डंगोल महर्जन र शान्ति प्रसाद उप्रेतीलाई निर्वाचित गरेको ।

**ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिबाट प्रस्तावित चुक्ता पूँजी रु.६७ करोड, १५ लाख, २२ हजार ७२० को ९ प्रतिशतले हुने रु.६,०४,३७,०४५।- (अक्षरेपी छ करोड चार लाख सैंतीस हजार पैंतालीस रुपैयाँ मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गरेको ।
२. वित्तीय संस्थाको जारी पूँजी तथा चुक्ता पूँजी रु.६७ करोड, १५ लाख, २२ हजार ७२० बाट वृद्धि गरी जारी पूँजी तथा चुक्ता पूँजी रु.७३ करोड १९ लाख ५९ हजार ७६५ पुऱ्याएको ।
३. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को पूँजी सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गरेको ।
४. प्रस्तावित संशोधनहरू गर्नको लागि नियामक निकायको समेत निर्देशन/स्वीकृतपश्चात् प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गरेको ।
५. वित्तीय संस्था अन्य लघुवित्त वित्तीय संस्थासँग गाभ्ने/गाभिने तथा प्राप्तिको संभावनाको अध्ययन गरी आवश्यकता बमोजिम प्रक्रिया अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गरेको ।

दामोदर जोशी
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

केन्द्रिय कार्यालय : बुटवल-१०, कालिकानगर, रूपन्देही, सम्पर्क : ०७१-४३८५१३, ९८५७०३६१५१
Email : info@rsdcmf.com, URL : www.rsdcmf.com